परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक २४ २०७७ पौष २६ गते आईतवार Sunday 10, Jan, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## संविधानले नदिएको अधिकार प्रयोग गरी प्रतिनिधी सभा विघटन : यादव

विराटनगर, पौष २५ गते । दुई तिहाई वहुमत प्राप्त सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानले नदिएको अधिकार प्रयोग गरी प्रतिनिधी सभा विघटन गरेको जनता समाजवादी पार्टीका केन्द्रिय अध्यक्ष उपेन्द्र यादवले वताएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्रीपरिषदको सिफारीषको आधारमा राष्ट्रपतिद्धारा गरीएको प्रतिनिधी सभाको असबैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी कदमलाई खारेज गर्न विराटनगरमा आयोजनाको जनप्रदर्शन तथा विरोध सभालाई सम्बोधन गर्दै सो कुरा यादवले वताएका हुन् ।




जनता समाजवादी पार्टी नेपालको प्रतिनिधी सभा विघटन खारेज गर्न जन प्रदर्शन तथा विरोध ऱ्याली

वहांले भने संविधानलाई सच्याउन मधेशी, आदीवासी जनजाति, दलित, महिला, मुस्लिम लगायतको अधिकारलाई सुनिश्चित गर्न हाम्रो पार्टीको समर्थनमा दुई तिहाई वहुमत प्राप्त सरकार बनेको थियो । तर ती सरकारले देशमा आर्थिक विकास, कृषि विकास, औद्योकि विकास गर्नुपर्ने सो नगरी भ्रष्टाचारको विकास गरी कम्यूनिष्ट सरकार भन्दा पनि कमाउनिष्ट सरकार भएको आरोप लगाएको छ ।

प्रधान मन्त्रीले अध्यादेशहरु ल्याएर, संवैधानिक नियुक्तिहरुमा मनमानी गरी प्रतिनिधी सभा विघटन गर्नुका मनसाय भने संघिय गणतन्त्रलाई गर्नु हो त्यसैले केपी शर्मा ओलीलाई नेपाली जनताले घोक्रेठ्याक लगाएर सत्तावाट हटाउने छ वहांको भनाई थियो ।

त्यसैगरी जनता समाजवादी पार्टीका संघिय परिषदका अध्यक्ष बाबुराम भट्टराईले भने हिमाल, पहाड, तराईका मधेशी, आदीवादी जनजाति, दलित, मुस्लिम, महिला लगायतले पाएको अधिकार पनि गुम्ने खतरा भएकोले वेलामै नेपाली जनता संजग हुनुपर्ने वताए । केपी शर्माको प्रतिनिधी सभा भंग गरेको असंबैधानिक, अलोकतान्त्रिक र प्रतिगामी कदमलाई सर्वोच्चले पनि

वांकी अन्तिम पेजमा...

## पर्यटन विकास प्रवर्द्धनमा सकारात्मक सहयोग गर्छु : ढकाल

विराटनगर । संघिय सरकार का संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री भानुभक्त ढकालले पूर्वको पर्यटन क्षेत्रको विकासमा सकारात्मक सहयोग गर्ने वताएको छ ।

उद्योग संगठन मोरङ र मोरङ व्यापार संघले संयुक्त रुपमा आयोजना गरेको स्वागत तथा भेटघाटमा अहिलेको अवस्थामा ताजा जनादेशको निर्वाचनको घोषणा भईसकेको अवस्थामा धेरै कुरा बोलेर देखाउंनु भन्दा व्यवहारमा गरेर देखाउनु मेरो वानी भएको भन्दै कार्यक्रममा मन्त्री ढकालले पर्यटन नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधार भएकाले स्पष्ट मार्गसहित नीतिगत सुधार तर्फ आफुले काम गर्ने वताए ।

आफू स्वास्थ्य मन्त्री भएको वेला स्वास्थ्य क्षेत्रमा आमुल परिवर्तन गरेको तर अहिलेको अफठ्यारो बेलामा पर्यटन मन्त्रालयको जिम्मेवारीमा आइपुगेको र निर्वाचन आचारसंहिता लागु भएपछि जनअपेक्षा अनुसार काम गर्ने अवस्था नभई चुनावमा जुट्नु पर्ने भएकोले अहिले धेरै गर्न नसक्ने उहाँको भनाई थियो । यद्यपी यस क्षेत्रलाई गतिशिल बनाउन आवश्यक बाटो भने खोल्ने निर्माण गर्ने वताए ।

मन्त्री ढकालले महामारीका कारण थलिएको पर्यटन क्षेत्रले अहिले नै वाह्य पर्यटन पाउन कठिन रहेको भएपनि आन्तरिक पर्यटन प्रवर्द्धन गर्न तर्फ जोड दिन पर्यटन व्यवसायीहरुलाई आग्रह गरेका थिए ।

उक्त अवसरमा मोरंग व्यपार संघका अध्यक्ष प्रकाश मुन्दडाले र उद्योग संगठन मोरंगका अध्यक्ष भीम घिमिरेले पूर्वको पर्यटनलाई प्रवर्द्धनका लागि पौचौ कुम्भ मेला बराक्षेत्रलाई घोषण गर्नुपर्ने, जिल्ला र प्रादेशिक उडानहरु संचालन गर्नु पर्ने, पर्यटन क्षेत्र पथिभारा, हलेसी, लुक्ला लगायतको क्षेत्रलाई पर्यटक स्थलको रुपमा विकास गर्नु पर्ने र भारत, वंगला देश, भूटानवाट आउने पर्यटकहरुलाई नेपाल प्रवेशमा सहज हुनु पर्ने लगायतका समस्याहरु राखेका थिए ।

वांकी अन्तिम पेजमा...

## सडक विस्तार गरे प्रतिकार गर्ने चेतावनी

विराटनगर । किमाङथान जोगवनी द्रुतमार्ग अर्न्गत इटहरी रानी खण्डको दुहवी बजार बिल्टअप क्षेत्रमा गरे प्रतिकारमा उत्रने स्थानीय वासीहरुले चेतावनी दिएका छन् ।

दुहबी बिल्टप ऐरिया संर्घष समितिले विराटनगरमा पत्रकार सम्मेलन गरी सो चेतावनी दिएका हुन् । संघर्ष समितिका उपाध्यक्ष विपी रौनियारले भने २०११ सालमा सरकारसंग जग्गा खरिद गरी दुहवी वजार बसाएका थिए । सडक विभागले तोकेको वाट दुहवी नदी छेउवाट भएको र दुहवी बजारको ५४ फिट वाटो स्थानीय वासील नम्वरी जग्गा सितैमा दिएको भन्दै ६ लेनको वाट बजारवाट नभई



सुनसरीको दुहवी नगरपालिकाको बिल्टप क्षेत्र । तस्वीर : मंजु शर्मा

खोलाको किनारावाट लानु पर्ने वताए ।

राज्यवाट सडक विस्तार गर्ने क्रममा दुहवी बजार घना बस्ती भएको र त्यसलाई संरक्षण गर्नु पर्ने भन्दै राज्यले २०५४ साल चैत ३ गते राजपत्रमा प्रकाशित गरी ६१० मिटर क्षेत्रलाई बिल्टप एरिया कायम गरिएको थियो । विल्टप एरिया यस्तो क्षेत्र हो जहां

वांकी अन्तिम पेजमा...

## आम व्यवसायी (विक्रेता) हरुमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगरको अनुरोध

१. सम्बन्धित स्थानीय तह अथवा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर वा अन्य सम्बन्धित निकायमा अनिवार्य रुपमा दर्ता गरेर मात्र उद्योग, फर्म वा व्यवसाय सञ्चालन गरौं ।
२. साईनबोर्ड, मूल्यसूची, व्यवसाय दर्ता प्रमाणपत्र र (उबल) को सक्कल प्रमाणपत्र आ-आफ्नो उद्योग, पसल वा फर्ममा सबैले देख्नेगरी उपयुक्त ठाउँमा अनिवार्य रुपमा राखौं ।
३. विभिन्न निकायबाट आउने अनुगमन टोलिलाई अनुगमनमा सहयोग गरौं ।
४. अनुगमन लगायत अन्य कार्यमा शिघ्रता ल्याउन बस्तुहरुको खरिद बिल र विक्री बिल मितिक्रममा र हनेगरी फाईलिङ गरेर अफिस, पसल वा फर्ममै सुरक्षितसाथ राखौं ।
५. उचित मुनाफा राखेर मात्र मालसामान विक्री गरौं ।
६. बिक्री गरिएको बस्तुमा वारेन्टी वा ग्यारेन्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्थाको पालना गरौं ।
७. बस्तुको उत्पादन वा प्याकिङ गरिएको मिति नभएका, उपभोग्य अवधि उल्लेख नभएका वा सकिएका, सिलप्याक गरिएका भएपनि टुटेफुटेका, च्यातिएका, कुच्चिएका, खोलिएका, मूल्य र उत्पादकको नाम र ठेगाना प्रष्ट नभएका वस्तुहरु बिक्री नगरौं । त्यस्ता बस्तुहरु छुट्टै स्थान (भहउष्चथ शयलभ) मा राखौं ।
८. उपभोक्ता संरक्षण ऐन, २०७५ को पालना गरौं । कानूनी दण्ड र जरिवानाबाट बचौं । स्वच्छ बजार स्थापनाको अभियानमा सहभागी बनौं ।

निमित्त कार्यालय प्रमुख

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## कम्यूनिस्ट...

बस्नेत त थामिनै सकेनन्, घुँक्कघुँक्क नै गरे । यतिबेला चाहिँ सैनिक प्रतिनिधि सम्मिलित सरकारी सत्तामा आसीन सुकी कस्तो सोच्छिन् र के गर्दै छिन् ? जानकारीको यो अलग्गै विषय भयो ।

नेपालीहरुले त्यस्तो प्रतिबन्धित युगको तीन दशक ३० वर्ष पहिलेसम्म भोगेका हुन् र पटकपटक प्रताडित भए । अझै तानाशाही मनसुवाका शासकबाट नेपाल अभिशप्तजस्तो छ । जीवन स्वतन्त्रताको हक जोगाउन, अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न नागरिक समाजले निरन्तर बोल्नुपर्छ, सालीन तर प्रभावकारी भनाइ व्यक्त गरिरहनुपर्छ । अन्यथा स्वतन्त्र वाणी थुनिएको मुखमा पश्चाताप मात्र अड्किने छ ।

लोकतन्त्र र समग्र संवैधानिक प्रणालीप्रति अहिले कम्युनिस्ट नेता ओलीको 'उपद्रो' मच्चिएको छ । नेता, अध्यक्ष मान्ने आफ्नै सहकर्मी र प्रधानमन्त्री बनाउन योगदान गर्ने नेकपाका दाहाल, नेपाललाई भित्ता लगाएका नेकपा अध्यक्ष ओलीले कांग्रेस सभापति शेरबहादुर देउवाको राजनीतिक भविष्यमाथि खड्ग प्रहार गर्नेछैनन् भनी ठान्नु राजनीतिक बालापन हुनेछ । पुनः बुझ्दा देखियो - 'कम्युनिस्ट समस्या हुन्,समाधान होइनन् ।' नेपाली कांग्रेसले भने विवेकपूर्ण समाधान दिनुपर्नेछ । बोधगम्य यही नै छ । बारहखरीबाट ।

## संविधानले...

सच्याएन भने जनताको अदालतवाट सत्ता चुत गर्ने वहांको भनाई थियो ।

उक्त विरोध सभामा जनता समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्य रामलाल सुतिहार, विमला अर्याल, जयराम यादव, भूराज राई मिर्गेन्द्र यादव समेतले मन्तव्य राखेका थिए ।

असंबैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी कदमको खारेजी गर्न गरीएको जनप्रदर्शन तथा विरोध सभा जनता समाजवादी पार्टी नेपालका मोरंग अध्यक्ष राजकुमार यादवको अध्यक्षतामा भएको थियो ।

त्यसैगरी पौष २९ गते झापाको विर्तामोडमा आमसभा हुने भएको छ । जसमा वक्ताको रुपमा जसपा केन्द्रिय कार्यकारिणी समिति सदस्य तथा पूर्व मन्त्री रकम चेमजाङ, केन्द्रिय कार्यकारिणी समिति सदस्य तथा पूर्वमन्त्री हेमराज राई, डम्बर खतिवडा र मनिष सुमनको हुने छ । माघ ३ गते हुने आन्दोलन धरानमा हुने भएको छ । जसमा केन्द्रिय कार्यकारिणी सदस्य तथा पूर्व मन्त्री अशोक कुमार राई, केन्द्रिय कार्यकारिणी सदस्य पूर्व मन्त्री रकम चेमजोङ, केन्द्रिय कार्यकारिणी सदस्य तथा पूर्व मन्त्री पर्शुराम खापुङ र केन्द्रिय कार्यकारिणी सदस्य युवराज काकी वक्ताको रुपमा रहने समेत जानकारी गराउँदै सहभागी हुन् यादवले आग्रह गरेका थिए ।

## सडक...

घर बनाउन सरकारवाट विषेश इजाजत लिनुपर्छ । विल्टप क्षेत्रको बाटो भविष्यमा कहिले पनि विस्तार नहुने गरी स्थानीयले घर र दुहवी वजारका निर्माण गरेकोले कुनैपनि हालतमा सडक विस्तार हुन नदिने स्थानीयहरुका भनाई छ ।

६३० मिटर बजार क्षेत्रलाई बिल्टप एरिया घोषणा भएकाले सो क्षेत्रको घरटहरा हटाउने सूचना प्रकाशित हुनु नै गैरकानुनी कदम भएकोले कानुन विपरीतको सूचनाको कुनै अर्थ नलाग्ने भन्दै सरकारले जोरजवरजस्ती गरेमा स्थानीय बासी प्रतिकारमा उत्रिने विपी रौनियार वताए ।

## पर्यटन...

कार्यक्रममा पर्यटन व्यवसायीहरु भविस श्रेष्ठ, पुण्य भट्टराई, लगायतले पर्यटन क्षेत्रको विकासका लागि भएका व्यवधानलाई हटाउन नीतिगत निर्णय गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरुले विराटनगरको विमानस्थल को विस्तारसगै विराटनगरबाट आन्तरिक तथा बाह्य उडानलागि नीतिगत पहल गर्न सरकारसँग आग्रह गरेका थिए ।



प्रधान मन्त्री केपी शर्मा ओलीले पौष ५ गते गरेको प्रतिनिधी सभाको विघटनको विरोधमा जनता समाजवादी पार्टी नेपालले ओलीको असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी कदमको खारेजीको माग गर्दै प्रदेश नं. १ को राजधानी विराटनगरको महेन्द्र चौकमा पौष २५ गते गरिएको जनप्रदर्शन तथा विरोध सभामा ओर्लीएको जनसागर । तस्वीर : श्याम सुन्दर सुतिहार

## खैरो हिरोईन र ब्राउन सुगर सहित तीन पक्राउ

विराटनगर, पौष २५ गते । मोरंग र झापाको दुई स्थानवाट अबैध लागुओषध खैरो हिरोईन र ब्राउन सुगर सहित प्रहरीले तीन जनालाई पक्राउ गरेको छ

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १३ स्थित कोशी राजमार्ग जतुवा स्थित बिशेष सूचनाको आधारमा लागु औषध ब्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलीले भारतको जोगवनीबाट विराटनगरतर्फ आईरहेको मे १ च ५८६२ नं. को कारलाई चेकजाँचको क्रममा कार चालकलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा जिल्ला झापा गौरादह नगरपालिका वडा नं. ८ स्थायी घर भई हाल दमक नगरपालिका वडा नं. ७ बगैचा टोल बस्ने बर्ष ३६ को किसन अग्रवालले लगाएको जिन्सको ज्याकेटको दाहिने गोजीबाट ३ ग्राम १६० मिली ग्राम अवैध लागु औषध खैरो हिरोईन जस्तो देखिने पदार्थ फेला परेको थियो ।

त्यसैगरी झापाको भद्रपुर नगरपालिका १० बाट नियन्त्रीत लागुऔषध ब्राउनसगुर सहित २ जना पक्राउ परेका छन् । बिषेश सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले २६ ग्राम १० मिलिग्राम लागुऔषध ब्राउसुगर सहित शुक्रवार २ जनालाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा मेचीनगर नगरपालिका वडा नं. १५ का ३८ बर्षीय सुनला राजवंशी र ३२ बर्षीय उत्तम राजवंशी रहेका छन् । पक्राउ परेका तीनै जनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

ज्येष्ठ नागरिकको जिम्मेवारी हामी सबैको

आशीर्वाद जोगाऔं

हाम्रो शिरमाथिको ओत हुन् ती हात
सतर्कताले नै हुनेछ अटल त्यो साथ

ज्येष्ठ नागरिकसँग कोरोनाविरुद्ध लड्ने प्रतिरोधात्मक क्षमता कम हुने हुँदा दशैंमा विशेष ध्यान पुऱ्याऔं ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# गाली-गलौजको राजनीति

नेपाल कम्युनिष्ट पार्टी (.नेकपा) को अध्यक्ष केपी शर्मा ओलीले चुनावको वेला नेपाल कम्युनिष्ट पार्टी (माओवादी) अध्यक्ष प्रचण्डसंग साठगाठ गरी दुवैपार्टीलाई एकता गरी बनेको नेपाल कम्युनिष्ट पार्टीले जनताको मतपाई देशको सवभन्दा ठूलो दल बनी सत्तामा पुगेको प्रधान मन्त्री केपी शर्मा ओलीकोलाई कम्यूनिष्ट पार्टीहरुले भगवान मान्ने गरेका थिए भने अहिले पार्टी भित्रकै विरोध र अड्चनको कारण प्रधानमन्त्री केपी शर्मा आली प्रतिनिधी सभा विघटन गरेपछि पार्टी नै दुई खेमामा विभाजन भई यति खेर प्रतिनिधी सभा विघटन गर्ने ओलीको कदम असंबैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी भएको भन्दै देशभरीको सडकमा आन्दोलन चर्कि रहेको छ भने ओलीको विरोधमा तुच्छ किसिमको गाली गलौजको लज्यास्पद जुहारी चलि रहेको छ। विगतमा एकै पार्टीमा रहँदा देउतासरह पुजेका नेतालाई फरक गुटमा लागेकै आधारमा उनीहरू दानवीय व्यवहार गर्दै निम्नस्तरको गालीगलौजमा उत्रेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको असंबैधानि कदमको विरोधमा सडकमा उत्रिएका विरोधी खेमाका नेतागण लगायत प्रतिपक्षी पार्टी नेपाली कांग्रेस लगायत जनता समाजपार्टी समेतका नता तथा कार्यकर्ताले जुन किसिमका गाली गलौजमा उत्रेका छन् त्यो गाली गलौच सर्वसधारणले गरेको भए प्रहरी लगाएर, गाली गलौज मुद्दा लगाएर वा विद्युतीय कानुनलाई आकर्षित गरी कारवाही भईसक्थ्या तर सामाजिक सञ्जाल र मूलधारको सञ्चारमाध्यमसमेत रंगिने गरी भइरहेको गुटगत आरोप-प्रत्यारोपका विषयमा कोही पनि सचेत छैनन् । एकअर्कालाई सराप्दा तल्लो तहका कार्यकर्ता मात्रै होइनस प्रधानमन्त्री तथा मन्त्री भइसकेका र पार्टीको मूल नेतृत्वमा रहेका व्यक्तिले समेत लागी गलौचमा उत्रेका छन् । जुनकि अशोभनीय अमर्यादित रहेको छ ।

आमनेपाली जनतालाई सिकाउने व्यक्ति स्यम क्षनिक लाभको लागि गालीगलाज गरी ठूला स्वरमा भाषागरी जनताको अगाडी ताली खानु पछिको लागि हानीकारक हुन् सक्छ। यो वास्तविकतालाई सत्तापक्ष र विपक्षी दुवै गुटका नेता-कार्यकर्ता र अन्य राजनीतिक पार्टी समेतले मनन गर्नु आवश्यक छ । नेताहरूले नीति बनाउने मात्र होइनस नैतिकता सिकाउने पनि हो । नैतिकता शिष्टताबाट आर्जन हुन्छ । शिष्ट आलोचना तुच्छ सत्तोसरापभन्दा धेरै शक्तिशाली हुन्छ भन्ने कुरा सवैले बुझ्न जरुरी छ ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# 'कम्यूनिस्ट समस्या हुन्, समाधान होइन'

**कुलचन्द बाग्ले**

नेपाली राजनीति यतिबेला बहुकोणीय जोखिमको अवस्थामा छ । सबैभन्दा बढी मुलुकमा स्थापित लोकतान्त्रिक प्रणाली वा संविधान दुर्घटनामा पर्ने जोखिम देखिन्छ । कम्युनिस्ट प्रधानमन्त्री केपी शर्मा ओलीले असंवैधानिक तरिकाले विघटन गरेको प्रतिनिधि सभा पुनर्स्थापना भए पनि वा विपरीत फैसला आए पनि मुलुकको लोकतान्त्रिक प्रणाली अस्थिरतामा फसिसकेको छ ।

अस्थिरतासँगै उत्पन्न चुनौती अभिव्यक्ति स्वतन्त्रताको सुरक्षा गर्नु हो भने साथै स्वेच्छाचारी, अराजक कम्युनिस्ट प्रवृत्तिको अध्ययन गर्ने पाठ पनि । राज्यसत्तामा पन्जा गाडेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) वा कम्युनिस्टहरु 'समस्या हुन् समाधान होइनन्' भन्ने कथन पनि पुनःपुष्टि हुने दुर्घटना ओली नेकपाका अध्यक्षले निम्त्याएका छन् ।

दुई तिहाइ नजिक मत दिएर स्थिरताको अपेक्षा गरेका नेपाली जनता यतिबेला 'हिस्स' भएका छन् । कुनै सरकारको निर्धारित अवधि सम्मको निरन्तरताले राजनीतिक स्थिरताको महत्त्व दिने भए पनि प्रणाली र सरकारको स्थिरताबीच भिन्नता चाहिँ हुन्छ। प्रणाली वा व्यवस्थाको स्थिरतालाई नै राजनीतिक स्थिरता मानिन्छ ।

नेपाल यतिबेला शासकीय व्यक्ति र प्रणाली दुवै अस्थिर स्थितिमा छन् । यति ठूलो जनमत प्राप्त सरकार स्वयं र प्रणालीलाई समेत स्थिरताको बाटो हिँडाउन नसकेर भड्किएको पाइनु नेतृत्वको अक्षमता हो । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र यसको नेतृत्व गर्ने सरकारको प्रधानमन्त्री ओलीको असफलताको परिणाम प्रणाली नै अस्थिर र संविधानमाथि घात बढेको छ। देशको सर्वाङग बिग्रदो अवस्थाप्रति नेकपा र सरकार दुवै उत्तिकै दोषी वा अक्षम साबित भएका छन् ।

प्रतिनिधि सभा पुनर्स्थापना हुने झिनो सम्भावना पनि धिपधिप देखिन थालेको छ। घोषित मितिको निर्वाचन त सहज सम्भव छँदैछैन । पुनर्स्थापना पनि नहुने र चुनाव पनि नगरिने अवस्था टड्कारो देखिएको बेला हल्लामा आएको संकटकाल लागू गर्ने सरकारी प्रयास अघि बढ्ने प्रबलता भने छ ।

कम्युनिस्ट प्रधानमन्त्री ओलीले मिति घोषणा गरेको चुनाव हुन बाँकी चार महिना (आगामी बैशाखसम्म) मात्र प्रधानमन्त्री बनिरहन संसद् विघटन गरेका पक्कै होइनन् । चुनाव बहानामात्र हो र षड्यन्त्र अन्यत्रै लक्षित छ । बेला आएपछि त्यो खुल्ने नै छ । संसद् पुनर्स्थापना गरिए राजनीतिले अर्को बाटो लिनेछ । त्यति बेला प्रधानमन्त्री ओलीको हठ कुनरुपमा प्रस्तुत हुने हो हेर्न भने पर्खनै पर्छ ।

लोकतान्त्रिक प्रणाली वा संविधानको पक्षमा परिणाम बृहद् जनमतको व्यापक दबाबले मात्र प्राप्त हुनसक्ने अहिलेको दृश्य हो । नेकपा अध्यक्ष ओली सरकारबाट सहजै वा लोकतान्त्रिक विधि स्वीकार गरेर हट्नेछन् भनी ठान्नु राजनीतिक भूल हुनेछ । नेकपा सरकारले आफ्नो रुप, रंग र ढंग देखाइसक्यो । अब हेर्न, पर्खन बाँकी नै के रह्यो र ?

प्रतिनिधि सभा पुनर्स्थापना वा विघटन सदर अथवा चुनाव निश्चित वा अनिश्चित, लोकतान्त्रिक प्रणाली भत्काइने वा बच्ने, संविधान च्यातिने वा जोगाइने, या संकटकाल थोपरिने र मुलुकलाई पुनः द्वन्द्वको लामो चंगुलमा फसाइनेजस्ता जोखिमका सम्भावित दृश्य यतिबेलाको चित्रपटमा छन् । यस्ता सम्भावना बीच समग्रमा सबैभन्दा घातक दुर्घटना भने अहिलेको राजनीतिक घात अन्ततः राष्ट्रघातसम्म पुग्नसक्ने भयानक परिदृश्य हो ।

'कम्युनिस्ट समस्या हुन्, समाधान होइनन्' यो भनाइ राजनीतिमा कहिलेबाट प्रयुक्त भयो एकिन भएन तर नेपालको वर्तमानमा चाहिँ केही पटक नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले दोहोर्याएको सुनिएको हो । फर्किएर वा इतिहास हेरौं नेपालका कम्युनिस्ट जसले आफूलाई विभिन्न समयमा मूलधार दाबा गरे तिनले नेतृत्व गरेर कुनै पनि समस्या समाधान गरेको देखिँदैन । समाधान गरेको एउटा पनि उदाहरण भेटिँदैन । यिनीहरुले अनगिन्ती समस्या र मुलुकमा हिंसाचार बढाएको घटना र उदाहरण भने बग्रेल्ती भेटिन्छ ।

इतिहासले कम्युनिस्ट प्रवृत्ति लाई चिनाएकै हो । अहिले पनि नेपालका कम्युनिस्ट (नेकपा)को प्रवृत्तिलाई गहिरो अध्ययन गर्ने अवसर आएको छ । देशलाई दुर्घटना उन्मुख धकेलेर नेकपा सिर्जित त्रासद अवस्थाले छर्लङ्ग पारेको व्यवहार वा यिनको मनोवृत्तिको अरु चर्चा आवश्यक रहेन । प्रस्तुति प्रहारको कम्युनिस्ट संस्कारलाई अध्ययन गर्न अहिलेको संकट एउटा पाठशाला भने भएको छ ।

कम्युनिस्टहरु प्रतिविचारलाई 'दुस्मन' र भिन्न मान्यता वाहकलाई 'वर्गशत्रु' ठान्छन् । यिनीहरुको प्रशिक्षण नै प्रतिविचारलाई दमन गर्नु हो । नेकपा अहिले विभाजनको डिलमा छ । नेकपा पुष्पकमल दाहाल र माधव नेपाल, अर्कोतर्फ ओली समूहमा विभक्त छ । एकले अर्कोलाई तुच्छ वाक्य वाणले घोचेको सुनिन्छन् । अनौठो होइन, यिनीहरुको वाक् संस्कार यही हो । बुझाइ हाम्रो ढिलो भएकोमात्र हो । स्वार्थ र विदेशी दबाबमा यिनीहरु मुठी बटारेर पुनः 'महान् क्रान्तिकारी एकता' भन्न पनि बेर मान्दैनन् ।

गद्दार, जडसूत्री, पोथापन्थी, सामन्त, दलाल, संशोधनवादी, समर्पणवादी जस्ता थुप्रै आरोप शब्द प्रहार गर्न खप्पिस कम्युनिस्टहरुले शब्दकोषका भन्न मिल्नेजति गाली शब्द नेपालमा प्रचलित बनाए । झगडालु कम्युनिस्ट नेताले प्रचुर प्रयोग गरेको 'अपशब्द' सुन्ने यिनका कार्यकर्ताले सिक्ने वाणी संस्कार कस्तो होला ? कलिलो नेपाली पुस्ताले सुन्ने, बुझ्ने र सिक्ने, बोल्ने प्रेरणा कस्तो मिल्ला ?

कम्युनिस्ट व्यवहार र वाणीमा यस्तो अपसंस्कार किन ? यो अध्ययनको विषय हो र यतिबेला नेपाली समाजलाई एक प्रकारको पाठ भएको छ यो । शब्द जाल बिछ्याएर कम्युनिस्ट सत्ता स्वयं सामन्त भएको उदाहरण कम्युनिस्ट शासित मुलुक नै हुन् ।

यहाँ उल्लेख गर्नैपर्ने कुरा के हो भने अरु राजनीतिक दलका नेताले यस्तो अपसंस्कृत वाणी प्रहार गरेको सुनिदैन । यस मामलामा सबैभन्दा सचेत नेपाली काग्रेस देखिन्छ । कांग्रेसमा पनि विवाद, विभाजन भए तर एक अर्काले तुच्छ गाली गरेको सुनिएन । अहिले पनि सभापति र अर्को समूहबीच कतिपय विषयमा मत भिन्नता सुनिन्छ तर त्यहाँ गाली सुनिदैन । कम्युनिस्टले जस्तो राष्ट्रवादी खोल ओढ्न कांग्रेसले कुनै मुलुकप्रति धारे हात लगाएर सरापेको पनि पाइदैन । उसले कूटनीतिक मर्यादा वा व्यवहार सन्तुलित गर्ने प्रयास गरेको पाइन्छ ।

कांग्रेसका ऐतिहासिक नेता र अग्रज सहयोद्धा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाबीचको विवाद वा अलगावबीच पनि आपसी अपशब्द प्रयोग गरिएको सुनिएन । यसअघि त यस्तो कल्पना नै थिएन । वाणी सुसंस्कारलाई कांग्रेसले अझै कायम राखेको देखिएको छ । कम्युनिस्टहरु चाहिँ मतभिन्नता भयो कि हिजैको सहकर्मीलाई समेत भित्तो छेड्ने गरी गाली गर्छन् । किन ? यस विषयमा अध्ययन गरिए राजनीतिक विश्वास र संस्कारको धरातल स्पष्ट हुनेछ ।

हामीले बोलेर के हुन्छ र, कसले नै सुन्छ र ? भन्ने निराश गुनासो व्यक्त गर्ने पनि प्रशस्तै भेटिन्छन् । यो निराशा हो, ठीक चाहिँ होइन । सुधारको लागि भन्नैपर्छ, भनिरहनै पर्छ । सदिच्छासहित भनिरहनु जनदायित्व हो, लोकतान्त्रिक स्वतन्त्रताको उपयुक्त सदुपयोग पनि । कम्युनिस्ट अधिनायकत्व वा सम्भावित तानाशाही आयो भने भन्न वा विवेक र विचार बोल्न पाइने स्वतन्त्रता पक्कै निमोठिने छ । भन्न पाउने स्वतन्त्रताको अर्थ मुख बर्बर गर्नेमात्रै होइन । भनाइ स्वतन्त्रतासँग मानिस जीवनको सबै अधिकार आश्रित हुन्छ । यही कारण राजनीतिक दुच्छरता र कम्युनिस्ट दुष्टतालाई निरन्तर दुत्कार्नु वा खबरदारी गर्नु सचेत नागरिक दायित्व हो ।

नेपालमा प्रजातन्त्र पुनर्स्थापनाप छि बर्माकी प्रतिबन्धित नेतृ आङसाङ सुकी यहाँ आएकी थिइन् । जतिबेला बर्मामा सैनिक शासन थियो र उनी प्रतिबन्धित । नेपाल ट्रेड युनियन कांग्रेसको निमन्त्रणमा नेपाल आउन बर्मेली सेना शासकको अनुमति पाएकी सुकीले पर्यटन बोर्डको सभाकक्षमा मन्तव्य दिँदै भनेकिथिइन् – 'तपाईंहरुले अभिव्यक्त हुने स्वतन्त्रता पाउनु भएको छ, प्रजातन्त्र ल्याउनु भएको छ । अहिले त्यसकाप्रति तपाईंहरुलाई खासै चिन्ता छैन तर अभिव्यक्ति स्वतन्त्रता र प्रजातन्त्रको महत्त्व बर्माका हामीजस्ता प्रतिबन्धित जनतालाई थाहा छ र अपेक्षा पनि ।'

बोल्दाबोल्दै गोरो अनुहारकी पातली सुकी भावुक भइन् । उनको अनुहार नै रातो भयो । उनीभित्रको स्वतन्त्रताको अपेक्षा आँसुको थोपा बनेर परेली बाहिर टप्किए । श्रोतादीर्घाका अधिकांशलाई त्यतिबेला सुकीले रुवाइन् । ट्रेड युनियन कंग्रेसका अध्यक्ष लक्ष्मण

वांकी अन्तिम पेजमा...

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६


## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# मगही लोककथा साग्रह प्रकाशित

श्याम सुन्दार सुतिहार

नेपाल एक बहुजातिय, बहुसांस्कृतिक, बहुभाषिक, बहुधार्मिक आउ बहुसाहित्य एवम कलासे भरल मुलुक हय । रौतहट जिल्लाके पुर्वी भुभाग से झापा तक बसोबास करेवाला पिछडावर्ग (OBC)दलित, कुछ आदीवासी जनजाति, अल्पसंख्यक, मुलवासी समुदाय के प्रमुख भाषा मगही हय । मागधी अपभ्रंश से बहुते भागषाके विकास भेल हय मगर मगही भाषा मागधी अपभ्रंशके मुख्य उत्तर ाधिकारी हय तई खातिर सा- मागधी मुल भाषा विश्व स्तरपर अपन पहिचान कायम कयले हय । मगधाञ्चल के लोककण्ठमे विराजमान लोक कथासबके संग्रह कयल गेल हय । मगही संस्कृति महामना बुद्ध प्रियदर्शी चक्रवती सम्राट अशोक महान, महान अर्थशास्त्री चाणक्य, तिर्थशंकर महावीर जैन आउ महान समाज सुधारक सन्त कवीर के सस्कृति के रूपमें संसार भर प्रसिद्ध हय । मगही संस्कृति के लोक कण्ठमें बास कयले लोक कथासबके समेटेके प्रयास कयल गेल हे ।




मगहीयन समाज में मगही लोक कथा सग्रह के प्रकाशन से मगही सस्कृति के सरक्षण, संबर्धन आउ प्रवर्धन में प्रमुख भुमिका निर्वाह करत से बिस्बास हय । मगही भाषा एगो अइसन भाषा हे जेकरा से अनेकन भाषा के निर्माण भेल हे बाँकी सरकारी काम में एह भाषा के प्रयोग न भेलासे एकर मौखिक रूपमें जेतना विकास भेल ओतना लिखित रूपमें विकास न होय सकल । अचरज के बात तो ई हे कि एह भाषा के लिखित रूपके अभाव से लोग जान भी न सकइत हे कि ऊ मगही भाषा ही बोल रहल हय । मगही भाषाके ही केहु देहाती कह रहल हे, त केहु खिचरी आउ ठेठी । उहे देहाती, खिचरी आउ ठेठी भाषा बोलेवाला मगहीयन लोग के उनकर बोली के पहिचान करावे खातिर आउ उनकर भाषा में शुद्धता लावे लेल ई प्रयास कयल गेल हे । एह प्रयास के पहिला डेगमें नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौं के सहयोग में सम्पन्न कयल गेल 'मगही लोग कथा संग्रह' में सहयोग कयनिहार प्रतिष्ठान के माननीय कुलपति गंगा प्रसाद उप्रेति, प्राज्ञ श्रवण मुकारुङग, प्राज्ञ लक्ष्मीमाली, प्रज्ञा प्रतिष्ठान परिवार के साथे अई महत्वपूर्ण काम में सहयोग कयनिहार नेपाल पिछडावर्ग (OBC)महासंघ), मगही अन्त राष्ट्रिय परिषद, मगही फाउण्डेशन,मगही संस्कृति कला केन्द्र, नेपाल पिछडावर्ग (OBC)समाज, बहुआयामिक सांस्कृतिक संरक्षण केन्द्र नेपाल, मगही नाट्यकला परिषदके साथे कथा कहनिहार आउ कथा संग्रहमें सहयोग करेवालासबप्रा.डा. रामस्वार्थ राय, भरत प्रसाद महतो, विन्देश्वर महतो, राम बलम महतो, चन्देश्वर दास, फुलगेन महतो,चन्देश्वर सदा, बिल्टु साह, बिन्दा देवी, राज कुमारी महतो, श्याम सुन्दरसुतिहार, मदन किशोर कामद, मनाई महतो, देवनारायण मुखिया, किरण देवी, विजय साह, भुवनेश्वर महतो, शम्भु ठाकुर, सिपी सिंह, राम कुमार महतो, बालकेश्वर ठाकुर, परमानन्द मेहता, विजय दास, जयप्रकाश महतो, बलिराम कापर, दिपु कापर, चुरामणि यादव, नन्दन ठाकुर, जिवछ जिवा साह, मुरली यादव, परमेश्वर कापरआउ भाषा सम्पादन में सहयोग करनिहार मगही भाषा विद् डा.चन्देश्वर साह, सहित सबहे मगही भाषा-भाषी आउ मगही प्रेमी में हार्दिक आभार ब्यक्त करइत ही । सुतिहार मगही अभियन्ता है ।

# भारतबाट कर छली ल्याएको वेवारीसे समान विराटनगरमा बरामद

विराटनगर । करछली गरी नेपाल भित्रिएका वेवारीसे सामग्रहरु बरामद ।

जिल्ला प्रहरी कार्यलयबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १४ स्थित जतुवा नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी वेवारिसे अवस्थामा छाडिएको बिभिन्न लत्ता-कपडा तथा खाधान्य सामाग्रीहरु बरामद गरेका हो ।

बरामद भएको समानको अन्दाजी मुल्य रु .५९ हजार ७ सय पच्चास बरावरको सामान फेला पारी बरामद गरी आवश्यक कारवाहीको लागी मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ

# किट्नाशक पाउडर र मोविल बरामद

विराटनगर । धनपालथान गाउँपालिकाको दुई स्थानवाट किट्नासक पाउडर र गाडीमा हाल्न मोमिल प्रहरीले बरामद गरेको छ ।

मोरङ धनपालथान गाउँपालिका वडा नं. २ वडा कार्यालय नजिकै भारतबाट नेपालतर्फ अबैध रूपमा भन्सार छलि गरी ल्याई वेवारिसे अवस्थामा छाडिएको ५० किलो अन्दाजी मुल्य १२ हजार ५ सय बराबरको सल्फर नामक किरा मार्ने किट्नासक धुलो पाउडर प्रहरी पक्राउ गरेको छ ।

त्यसैगरी जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं. २ गोसाई पोखरी नजिकै भारतबाट नेपालतर्फ अबैध रूपमा भन्सार छलि गरी ल्याई वेवारिसे अवस्थामा छाडिएको ३ काटुन (१२ पिस) १० हजार मूल्य बराबरको मोबिल प्रचौ अमाहिबरियातीबाट खटिएको प्रहरी टोलीले फेला पारी बरामद गरिएको छ ।

दुवै ठाउँबाट बरामद भएको किट्नासक पाउडर र मोविल आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी विराटनगरमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर मास्क लगाऔ ।

# लागुऔषध सहित विभिन्न स्थानबाट पाँच जना पक्राउ



विराटनगर, पौष १९ गते । लागुऔषध सहित विभिन्न स्थानवाट प्रहरीले ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोरङको बिराटनगर महानगर पलिका वडा नं. १६ हुलास चोकबाट नियन्त्रीत लागुऔषध सहित २ जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा ईटहरी उप( महानगरपालिका वडा नं. २ का ३२ बर्षीय अमित लिम्बु र २७ बर्षीय हेमराज बस्नेत रहेका छन् । बिषेश सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बा २ च ६१११ नम्बरको कारलाई चेकजाँच गर्ने क्रममा उक्त कार भित्रबाट लागुऔषध डाईलक्स डि.सी १ गिलेन, नाईट्राभेट २४ ट्याब्लेट र स्पास्मोप्रोक्सिवन ८ ट्याब्लेट बरामद गरेको छ ।

लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर महानगर पालिका वडा नं. १६ बाट सुन्दरहरैचा नगरपालिका वडा नं. ११ का ३२ बर्षीय कुशल चौधरीलाई लुपिजेसिक-६ एम्पुल, एभिल-६ एम्पुल, डाईजेलाब-६ एम्पुल र फेनारगन-६ एम्पुल सहित पक्राउ गरेको हो ।

त्यसैगरी ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले पथरी शनिश्चरे नगरपालिका वडा नं. २ का २४ बर्षीय अनिके राईलाई बिराटनगर महानगर पालिका वडा नं.१६ बाट लुपिजेसिक-८ एम्पुल, एभिल-८ एम्पुल, डाईजेलाब-८ एम्पुल र फेनारगन-८ एम्पुल सहित पक्राउ गरेको हो ।

प्रहरी चौकी सिक्टीबाट खटिएको प्रहरी टोलीले पथरी शनिश्चरे नगरपालिका-१ का २८ बर्षीय अनिश नेपालीलाई नाईट्रोभेट टयाब्लेट २३ पिस, आइपल ६ एम्पुल , डाईजोल्याव ६ एम्पुल, फेनारगन ६ एम्पुल र एभिल ६ एम्पुल सहित पक्राउ गरेको छ ।

पक्राउ परेका ५ जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १



## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं ।


मोटर साइकल चलाउदाहेलमेट अनिवार्य प्रयोग गरौं ।

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# भारतबाट नेपाल लुकाई छिपाई भित्रियाएको लत्ता-कपडाहरु बरामद



विराटनगर । भारतबाट नेपाल लुकाई छिपाई भित्रियाएको ववारीरे समानहरु प्रहरीले बरामद गरेको छ ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १६ दरैया स्थित ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ अवैध रुपमा लुकाई छिपाई भन्सार छली गरी ल्याई वेवारिसे अवस्थामा छाडिएको विडी ६५ प्याकेट, खैनी १८ प्याकेट, गुल १७ प्याकेट र प्लाष्टिकको चम्चा ९० प्याकेट गरी अन्दाजी २४ हजार भन्दा बढिको सामान बरामद गरेको छ ।

त्यसैगरी भारतको जोगवनीबाट नेपालतर्फ अवैध रूमा भन्सार छली चोरी पैठारी गरी जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १७ मटेरुवा स्थितमा विभिन्न प्रकारका भान्सामा प्रयोग हुने ४० हजार बरावरको सामाग्रीहरू ल्याई वेवारिसे छाडिएको अवस्थामा बराम गरेको छ ।

बरामद भएका समानहरुमा ग्यास चुला पेलेट २० वटा, ग्यास रेगुलेटर(४० पिस, कुकर बिड ७० पिस, गिलाश ४० पिस, कुकर हेन्डिल १५ पिस, कुकर सिटि ३५ पिस, किचेन ह्याङ्गर ३० पिस, कुकर सिटि नट २ प्याकेट, कुकर लबर ३८ प्याकेट, चम्चा ६ सय पिस, गुड ८० केजी रहेको छ ।

उक्त समानहरु ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले फेला पारी बरामद गरी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानीमा बुझाएको थियो ।

# लागुऔषध सहित तीन जना मानिस प्रहरीको नियन्त्रणमा

विराटनगर, पौष २० गते । लागुऔषध सहित तीनजनालाई प्रहरीले विभिन्न स्थानवाट पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १६ हुलास चोक स्थित लागु औषध ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले पैदल यात्री जिल्ला मोरङ सुन्दर हरैचा नगरपालिका वडा नं. ११ बस्ने बर्ष ३२ को कुशल चौधरीलाइ चेकजाँच गर्ने क्रममा लागुऔषध फेलापरेपछि पक्राउ गरेको हो ।

पक्राउ परेका चौधरीको साथबाट लुपिजेसिक-६ एम्पुल, एभिल-६ एम्पुल, डाईजेलाव-६ एम्पुल, फेनारगन-६ एम्पुल गरी २४ एम्पुल लागुऔषध वरामद गरेको छ ।

सोही दिन उक्त स्थानमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले जोगवनीबाट नेपालतर्फ पैदल आउँदै गरेका पथरी शनिश्चरे नगरपालिका वडा नं. २ बस्ने बर्ष २४ को अनिल कुमार राईलाई लागुऔषध सहित पक्राउ गरेका छ ।

पक्राउ परेका राईको साथबाट लुपिजेसिक ८, एभिल ८, डाईजेल्याव ८ र फेनारगन ८ एम्पुल गरी ३२ एम्पुल अवैध लागु औषध फेला पारेको थियो ।

त्यसैगरी जिल्ला मोरङ सुनबर्सी नगरपालिका वडा नं. ८ हर्सनगडी चोक स्थितमा दक्षिण बाट पुर्वतर्फ आउदै गरेको पैदल यात्री जिल्ला मोरङ पथरी शनिश्चरे नगरपालिका वडा नं. १ बस्ने बर्ष २८ को अनिश नेपालीलाई चेकजाँचको क्रममा निजको साथबाट नाईट्रोभेट ट्याब्लेट २३ पिस, क्षएई ६ एम्पुल, डाईजोल्याव ६ एम्पुल, फेनारगन ६ एम्पुल र एभिल ६ एम्पुल अवैध लागु औषध सहित पक्राउ गरेको हो ।

प्रहरी चौकी सिक्टीबाट खटिएको प्रहरी टोलीले फेला पारी निजलाई लागु औषध सहित नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका तीनै जना उपत्रर थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# प्रतिवादीहरू प्रहरी द्धारा पक्राउ

विराटनगर । अदालतवाट सजाय पाएका ठगी तथा किर्ते र चारी मुघाका फरार प्रतिवादीहरुलाई प्रहरीले पक्राउ गरेका छ ।

जिल्ला मोरङ सुनवर्सी नगरपालिका वडा नं. २ अमरदह बस्ने ठगी तथा किर्ते मुद्दाको फरार प्रतिवादी बर्ष ५० को गोबिन्द बहादुर श्रेष्ठ सोही स्थानमा लुकीछिपी बसि रहेको भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले श्रेष्ठलाई पक्राउ गरीएको थियो । गरी आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाउने कार्य भई रहेको ।

त्यसैगरी जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं. ४ चोप्राह बस्ने वन (चोरी) तथा रजनी डाका चोरी मुद्दाका फरार प्रतिवादी बर्ष ६३ को भोटो प्रसाद मण्डल र बर्ष ५५ को वनारसी मण्डल गाँउ घरमा लुकीछिपी बसि रहेका छन् भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले फेला पारी नियन्त्रणमा लिएको थियो ।

फरार प्रतिवादीहरुलाई पक्राउगरी आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाएको छ ।

# लुटपाटमा संलग्न दुई पक्राउ



सुनसरी । लुटपाटमा संलग्न रहेको दुई जनालाई प्रहरील पक्राउ गरेको छ ।

ईनरुवा नगरपालिका वडा नं. २ का अजय पण्डितलाई छुरा प्रहार गरी घाईते बनाई नगद तथा मोवायल लुटपाट गरी फरार रहेका दुवै जनालाई प्रहरील पक्राउ गरेको हो ।

पौष १७ गते ईनरुवा नगरपालिका वडा नं. ९ मा पण्डितलाई छुरा प्रहार गरी पण्डितसंग रहेको नगद तथा मोवायल लुटपाट गरी फरार रहेका देवानगञ्ज गाउँपालिका वडा नं. ५ घर भई ईनरुवा नगरपालिका वडा नं. १ मा बस्दै आएका २२ बर्षीय गजेन्द्र प्रसाद ठाकुर र महदेवा गाउँपालिका वडा नं. ५ सप्तरी घर भई ईनरुवा १ बस्दै आएका २१ बर्षीय मुकेश मण्डललाई प्रहरीले पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले १९ गते पक्राउ गरी दुबै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १






लैंगिक हिंसा अन्त्य: समृद्ध नेपालको गन्तव्य



पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX
Maximum care for life
INTERNATIONAL HOSPITAL
&
TRAUMA CENTER (P.) Ltd.
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# जनमतले नयाँ योजना र कार्यक्रम ल्याउँदैछ

अब्दुल खान

जनमत पार्टीको केन्द्रीय समितिको बैठक आगामी मंसिर २७ गते शनिबार बस्दैछ । कोभिड-१९ को कारण हामीले अनलाइनमार्फत् नै दुई दिने बैठकको तयारी गरेका हौं । बैठकको पहिलो दिन जिल्लाहरुमा जनमतको भइरहेका गतिविधिबारे जानकारी आदान-प्रदान गर्छौं भने दोस्रो दिनको बैठकमा आगामी कार्यक्रम र रणनीतिको विषयमा छलफल हुनेछ ।

अहिले कोभिड-१९ देखा परिरहेको छैन भन्ने छैन । अहिले पनि कोभिड-१९ को जोखिम छँदैछ । जेकजाँच नहुँदा कोभिड-१९ फेला परिरहेको छैन तर कोभिड-१९ समाप्त भइसक्यो भन्न सकिन्न । हामी जिम्मेवार पार्टीको नाताले सरकारले जारी गरेको कोभिड सुरक्षा मापदण्डलाई तोड्न चाहेका छैनौं । हाम्रा केन्द्रीय समितिका नेताहरु कोही जिल्लामा छन् भने कोही बाहिर पनि छन् । त्यसैले, अहिले हामी अनलाइन बैठक बसौं भन्ने निष्कर्षमा पुगेका छौं ।

हाम्रो अनलाइन बैठक बस्नुको मुख्य कारण कोभिड-१९ नै हो । अहिले पूरा विश्व नै डिजिटल माध्यमबाट गतिविधिहरु अगाडि बढाइरहेको छ । अहिले कोभिड-१९को सन्त्रास छ, पछि अन्य पनि यस्ता महामारीहरु आउन सक्छन् । त्यसैले हामी अहिलेदेखि अनलाइन माध्यमबाट बैठकहरु गर्ने एउटा परम्परा बसाल्यौं भने पछिका लागि पनि राम्रो हुन्छ । अर्को कुरा, हाम्रा वडा अधिवेशनहरु र पार्टी प्रवेश कार्यक्रमहरु पनि भइरहेका छन् । हामीले यसरी गर्ने पक्षमा थिएनौं । तर, सत्ताधारी पार्टी लगायत राष्ट्रिय भनाउँदा दलहरुले नै कोभिडको मापदण्ड मानिरहेको छैन भने हामी नयाँ पार्टी र नयाँ संगठन भएको कारणले बाध्यतावश हामी पनि यस्ता कार्यक्रमहरु गरिरहेका छौं । हामी अनुशासित र जिम्मेवारी बुझेका छौं ।

केन्द्रीय समिति बैठक नियमित रुपमा तीन-तीन महिनाको अन्तरालमा बस्ने हाम्रो कार्यसुची नै हो । यो हाम्रो सातौं केन्द्रीय समितिको बैठक हो । मूल एजेन्डा भनेको प्रत्येक जिल्लामा भए/गरेका गतिविधिबारे जानकारी लिन्छौं । अहिलेसम्म कति ठाउँमा समिति निर्माण भयो, वडा अधिवेशनहरुको अवस्था के छ त्यसबारे बुझ्छौं । हाम्रो सांगठनिक तयारी कस्तो छ । त्यसपछि हामी आगामी दिनमा कस्ता कार्यक्रमहरु गर्नुपर्छ, कोभिडको अवस्था के छ, हामीले के गर्न सक्छौं भन्ने कुरामा हामीले नयाँ रणनीति र योजनाहरुबारे छलफल गर्छौं ।

हाम्रो नयाँ पार्टी र संगठन भएकोले नयाँ सदस्यता वितरण, विस्तार र अधिवेशनहरु सम्पन्न गरेर जिल्ला अधिवेशन हुँदै महाधिवेशनको तयारी कसरी गर्ने भन्ने हो । दिनहुँ हाम्रो वडा अधिवेशनहरु भइरहेको छ । अन्य पार्टीहरुको जिल्ला कार्य समिति हुन्छ, तर जनमत पार्टीको जिल्ला समन्वय समिति हुन्छ । हाम्रा प्रत्येक वडाका अध्यक्ष स्वत: जिल्लाको पदेन सदस्य हुन्छ ।

हामीले अहिलेसम्म महाधिवेशनको मिति तोकेका छैनौं । तर, जिल्लासम्म को अधिवेशन फागुनसम्म सम्पन्न गर्ने लक्ष्य लिएका छौं । फागुन १५ सम्म यदि हामीले जिल्लासम्म अधिवेशन सम्पन्न गर्न सक्यौं भने त्यसपछि हामी महाधिवेशनको मिति तय गर्छौं । तर पनि हाम्रो पहिलो महाधिवेशन आगामी बैशाखभित्र नै हुन्छ । हामी यही वर्षभित्र महाधिवेशन सम्पन्न गर्ने सोचमा छौं, तर कुनै कारणवश हुन सकेन भने नयाँ वर्षमा हामी महाधिवेशन गर्छौं । जनमतको पदाधिकारीहरु महाधिवेशनबाट नै चयन हुन्छन् । महाधिवेशनसम्म केन्द्रीय समितिमा अध्यक्षबाहेक सबै सदस्यहरु मात्र रहन्छन् ।

जनमतमा अन्य पदाधिकारीहरु चयन नहुँदा हाम्रा अध्यक्ष डा.सीके राउत वन म्यान आर्मी हुनुभयो भन्ने आरोप-प्रत्यारोपहरु लागिरहन्छन् नै । यो स्वाभाविक पनि हो । जसले काम गर्छ उसमाथि आरोपहरु लाग्छन् । हामी जतिखेर मूलधारको राजनीतिमा आयौं र नेपाल सरकारसँग सहमति भइरहँदासम्म हामीविरुद्ध विभिन्न किसिमका षड्यन्त्रहरु हुँदै आएका छन् । षड्यन्त्रकारीहरु हामीलाई देख्न नसक्नु, जनमत पार्टीका दिनप्रति दिन सदस्यहरु बढ्दै जानु, संगठन विस्तार हुँदै जानु, अन्य पार्टीहरुबाट पनि धेरै नेताहरु हामीसँग जुडिरहेका छन् । यसकारणले हामीप्रति आरोप प्रत्यारोपहरु लाग्नु ठूलो कुरा होइन । अर्को कुरा हाम्रो पार्टीमा अध्यक्षभन्दा पनि हामी नेता कार्यकर्ताहरु बढी सक्रिय छौं । दिनप्रति दिन नेता कार्यकर्ताले वडा अधिवेशन गराइरहेका छन्, पार्टी प्रवेश गराइरहेका छन् । भनेपछि अध्यक्षभन्दा बढी भूमिका त हामी नेता कार्यकर्ताहरुको देखिएको छ । हाम्रो अध्यक्षमाथि यदि कसैले वन म्यान आर्मीको आरोप लगाउँछन् भने त्यो एकदम निराधार हो । हाम्रा केन्द्रीय अध्यक्ष अन्य पार्टीका अध्यक्षभन्दा अवश्य नै वैज्ञानिक, दक्ष, दूरदृष्टि भएको हुनुहुन्छ ।

अध्यक्षमाथि लगाइएको आरोप-प्रत्यारोपबारे केही भन्नु छैन । उहाँहरुले जनमतलाई स्वीकार गर्न चाहनु भएन, जनता समक्ष जान चाहनु भएन । उहाँहरुले आफ्नो नितान्त व्यक्तिगत इच्छाले जनमत छोडेर जानुभयो । जाने व्यक्तिलाई कसैले रोकेर राख्न सकिँदैन । हाम्रो पार्टी विभाजन भएको छैन । हामीमाथि त सबैले आरोप लगाइरहेका छन् । हामी अहिलेसम्म कुनै सरकारमा छैनौं, कुनै नेता मन्त्री बनेका छैनन् भने कुन आधारमा के आरोप लगाउँछन् । उहाँहरुले पार्टी एजेन्डा जनतासम्म पुऱ्याउन सक्नुभएन । पार्टी छोडेर जानेहरु विभिन्न प्रलोभन र अरु कसैको लहै-लहैमा लाग्नुभयो ।

कुनै पार्टी राष्ट्रिय वा क्षेत्रीय भनेर जनताले निर्धारण गर्ने हो । पार्टीहरु दर्ता हुने भनेको एकै ठाउँमा हो । कुनै पार्टीको आकार भन्ने कुरा जनताले निर्धारण गर्ने हो ।

पहाड र हिमालभन्दा बढी समस्या तराई-मधेशमा रहेका छन् । जहाँ समस्या हुन्छ, त्यहीं समाधानका उपायहरु खोज्नुपर्छ । त्यसकारण हाम्रो गतिविधिहरु मधेशमा बढी भइरहेका छन् । राजनीतिक, आर्थिक, सामाजिक लगायतका समस्याहरु बढी मधेशमै रहेकोले हामी मधेशमा बढी सक्रिय भएका छौं । मधेशमा मत लिने बाहेक कुनै पनि राजनीतिक दलले सामाजिक एजेन्डालाई उठाउन नसकेकोले जनमत पार्टी विशेष गरेर मधेशमा काम गरिरहेको छ । (खान जनमत पार्टीका केन्द्रीय सदस्य हुन् । (मधेश दर्पण फिचर सेवा)

# श्रीमान्‌द्वारा श्रीमतिको हत्या

ईलाम । श्रीमतिको हत्याको आरोपमा श्रीमानलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार ईलामको देउमाई नगरपालिका वडा नं. ८ आमबोटेका ३३ बर्षीय सुवास राईले श्रीमतीलाई हत्या गरेको आरोपमा पक्राउ परेका छ ।

राईले सामान्य घरायशी बादबिबादको बिषयलाई लिएर आफ्नै श्रीमती २७ बर्षीया नम्रता राईलाई खुकुरीले घाँटीमा प्रहार गरी हत्या गरेको खबर प्राप्त भएसंगै प्रहरी चौकी जितपुरबाट खटिएको प्रहरी टोलीले राईलाई नियन्त्रणमा लिएको छ ।

उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय ईलामबाट अनुसन्धान अधिकृत सहितको टोली खटि गई अन्य थप अनुसन्धान भईरहेको छ ।

# बरगाछीमा सवारी साधन दुर्घटना



विराटनगर । मादक पदार्थ सेवनगरी बस चलाउंदा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ३ बरगाछी स्थित कोशी राजमार्गमा सवारी दुर्घटना एको छ थियो ।

विराटनगर बसपार्कबाट उत्तरतर्फ ना.५.ख ३५०३ न. को बसको सह-चालक (खलासी) जिल्ला सुनसरी कोशी गाउँपालिका वडा नं. ७ भाण्टारी बस्ने वर्ष २४ को रक्कु भन्ने राकेश कार्कीले मादक पदार्थ सेवन गरी चलाई ल्याएको अवस्थामा को १ ख ५२४१ न. को बस अनियन्त्रित भई दुर्घटना भएको थियो ।

उक्त दुर्घटनावाट बिजुलीको पोल भाँचिनुका साथै एस.बि.आई बैकको एटिएम सटर, सोही स्थानमा रहेको न्यू युनिक होटल साथै उक्त स्थानमा रहेको सीसीटीभी को केवल, पावर केवल समेत क्षति भई महानगर पालिकामा रहेको सीसी टीभी समेत बुधबार अवरूद्ध भएको थियो ।

उक्त घटनामा निज चालक कार्की घाईते भई विराट नर्सिङ होममा उपचार भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# लागुऔषध सहित दुई स्थानवाट पाँच जना पक्राउ

विराटनगर । मोरंग दुई स्थानवाट नियन्त्रित लागु औषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार मोरङको लेटाङ नगरपालिका वडा नं.२ चिसाङ पुल छेउबाट लागुऔषध सहित ४ जना पक्राउ परेका छन् । ईलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा लेटाङ नगरपालिका वडा नं.४ का २६ बर्षीय बिकेन राई, १६ बर्षीय शिसिर घिमिरे, २५ बर्षीय राज कुमार लिम्बु र लेटाङ नगरपालिका वडा नं.३ की २२ बर्षीया अनु राईलाई रहेका छन् ।

तिनीहरुको साथबाट प्रहरीले लागुऔषध फेनारामाईन २० ट्याब्लेट, फेनारागन २० ट्याब्लेट, लुपिजेसीक २० एम्पुल र डाईजेल्याव १९ एम्पुल बरामद गरेको छ ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय लेटाङले जनाएको छ ।

त्यसैगरी जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १६ दरैया स्थितमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले भारत जोगवनीबाट नेपालतर्फ पैदल यात्रीलाई लागु औषध सहित पक्राउ गरेको छ ।

जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १ कटहरी बस्ने बर्ष ३३ को शिव नारायण साह लाई चेकजाँच गर्ने क्रममा निजको साथबाट २ बोतल कोरेक्स, नाईट्राभेट २ पिस, स्पासमोप्रोफेक्स २ पिस फेला पारी नियन्त्रणमा लिएको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।




# लत्ताकपडा र खद्यान सामग्री

विराटनगर, पौष २३ गते । भारतको जोगवनीवाट अवैध रुपमा कर छली गरी ल्याएका बेवारीसे लत्ता कपडा र खाद्यान सामग्री प्रहरीले बरामद गरको छ ।

विहीवार जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १४ स्थित जतुवा नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी बेवारीसे छडिएका ६४ हजार भन्दा बढिको बिभिन्न लत्ता-कपडा तथा खुद्रा पसलको सामाग्रीहरु बरामद गरेको हो ।

बरामद सामाग्रीहरूमा लेडिज बर्को १९ पिस, जेन्स भेष्ट १७५ पिस, बच्चाको भेष्ट कट्टु ७६ सेट, पेन्टी ४० पिस, गाम्छा ४७ पिस, कछाड २० पिस, लेज १३५ पिस, हेप्पी डेन्ट चक्लेट ३१ बट्टा, बिस्कुट १ कार्टुन २२ पिस, लक्ष्मण रेखा १२ प्याकेट रहको छ ।

बेवारिसे अवस्थामा फेला पारी बरामद गरी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी विराटनगरमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १

## कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौ देशको राजश्व बढाऔं । स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौं । सामान किनौ गतिलो ठानेर बिल मागौ अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर